# दिगो विकासका लक्ष्यसँग सम्बन्धित नमूना कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

# दिगो विकासका लक्ष्यसँग सम्बन्धित नमूना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

***प्रस्तावनाः*** सन् २०१६ देखि २०३० सम्मको दिगो विकास दशकमा सामाजिक, आर्थिक, भौतिक, प्राविधिक, वातावरणीय एवं जनसांख्यि क क्षेत्रमा मानिसको जीवनमा सकारात्मक वृद्धिको प्रक्रियालाई कार्यान्वयन गर्न, हरेक विद्यालयमा दिगो विकासको अवधारणालाई स मेटि विद्यालयलाई दिगो विकासका लक्ष्यहरुमा जागरुक गराउन तथा विद्यालय तहदेखि विश्वविद्यालयसम्मको शैक्षिक जनशक्तिलाई ज्ञान, विज्ञान तथा प्रविधिका उपलब्धि मा सरिक गराई परिवर्तनका वाहकको रुपमा सरिक गराई गरी चेन्ज मेकरका रूपमा सञ्चालन गर्न, चालु आर्थिक वर्षमा स्वीकृत विद्यालयमा विद्यार्थी क्लब मार्फत प्रविधिको उपयोग गरी दिगो विकास कार्यक्रम कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) को अधिकार प्रयोग गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "दिगो विकासका लक्ष्यसँग सम्बन्धित नमुना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ भई २०८२ सालको असार मसान्तसम्म कायम रहनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "इकाइ" भन्नाले जिल्ला स्थित शिक्षा विकास तथा समन्वय इकाइ सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले चालु आर्थिक वर्षमा बजेट उपशीर्षक नं. ३५०००११, क्रियाकलाप नं २.७.२५.३१६ बमोजिम स्वीकृत नमुना कार्यक्रमको रूपमा सत्तरी वटा बिद्यालयमा दिगो विका स कार्यक्रमलाई लक्षित गरी सस्टेनिवल डेभलपमेन्ट गोल (SDG) बिद्यार्थी क्लबको गठन गर्ने र सोहि क्लबमार्फत प्रविधिको उपयोग मार्फत एसडीजीसँग सम्बन्धित कार्य सञ्चालन गर्ने कार्यक्रम सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(घ) "विद्यालय" भन्नाले प्रचलित कानून बमोजिम कक्षा बाह्रसम्म अध्यापन हुने स्थापित सामुदायिक विद्यालय सम्झनु पर्छ।

## परिच्छेद -२
## कार्यक्रमको उद्देश्य, लक्ष्य तथा कार्यक्रम सञ्चालनका प्रस्तावित क्षेत्र

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

३. **उद्देश्यः** यस कार्यविधि कार्यान्वयनका उद्देश्य देहाय बमोजिम रहेका छन्-

(क) दिगो विकास कार्यक्रमलाई लक्षित गरी विद्यालयमा सस्टेनिवल डेभलपमेन्ट गोल (SDG) को लागि बिद्यार्थी क्लबको गठन गर्नु,

(ख) एसडीजी क्लवको लागि आवश्यक सहजीकरण गर्नु,

(ग) कार्यक्रम मार्फत विद्यार्थीमा सिकाइलाई अभिप्रेरित गर्नु,

(घ) विद्यार्थीलाई ज्ञान, विज्ञान तथा प्रविधिका उपलब्धिमा सरिक गराई परिवर्तनका वाहक तथा चेन्ज मेकरको रुपमा स्थापित गर्नु,

(ङ) सस्टेनिवल डेभलपमेन्ट गोल (SDG) क्लब मार्फत प्रविधिको उपयोग गरी SDG सँग सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्नु।

४. **लक्ष्यः** यस कार्यविधिको लक्ष्य देहाय बमोजिम रहेका छन्-

(क) दिगो विकासका लक्ष्य प्राप्त गर्न विद्यार्थी मार्फत नेपाली समाजको सामाजिक, सांस्कृतिक, आर्थिक, लैंगिक एवम् वातावरणीय दृष्टिकोणबाट सक्षम बनाउने,

(ख) विद्यालयलाई दिगो विकासका लक्ष्य मा जागरुक गराई विद्यालय तहदेखि विश्वविद्यालयसम्मको शैक्षिक जनशक्तिलाई चेन्ज मेकरका रूपमा सञ्चालन गर्न सघाउ पुर्याउने,

(ग) सिर्जनशील, वैज्ञानिक, प्रविधिमैत्री एवं अनुसन्धानमूलक शिक्षा मार्फत दिगो विकासका लक्ष्य हासिल गर्ने।

५. **कार्यक्रम सञ्चालनका प्रस्तावित क्षेत्र** (१) विद्यालयले एसडीजी विद्यार्थी क्लब मार्फत् दिगो विकासका लक्ष्यसँ ग सम्बन्धित वक्तृत्वकला , हाजिरीजवाफ, अन्तरक्रिया, निबन्ध, लेखन, कविता प्रतियोगिता वा छलफल विषयवस्तुमध्ये देहायका कम्तीमा कुनै एक कार्यक्रम सञ्चालन गर्नु पर्नेछः-

(क) दिगो विकासका विश्वव्यापी लक्ष्य र नेपालको लक्ष्य तथा हालसम्मको कार्यान्वयन अवस्था सम्बन्धी अन्तरविद्यालयस्तरीय प्रतियोगिता,

(ख) विपद् जोखिम र यसको न्यूनीकरणका लागि अवलम्बन गर्न सकिने उपायका सम्बन्धमा ज्ञान सीप आदान प्रदान सम्बन्धी अन्तरक्रिया,

(ग) कुपोषणका कारण र समाधानका उपायका तथा सुरक्षित पोषणका सम्बन्धमा शिक्षक , अभिभावक, विद्यार्थीबीच अन्तरक्रिया,



नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

(घ) संक्रामक तथा दीर्घकालीन रोगहरुको कारण र समाधानका उपायका सम्बन्धमा विज्ञ सहितको अन्तरक्रिया,

(ङ) समाजमा लागू पदार्थ /मादक पदार्थको प्रयोगको न्यूनीकरण तथा उपचार सम्बन्धमा विकसित प्रविधि प्रयोग गरी कुलतबाट छुटकारा दिलाउने सम्बन्धी अन्तरक्रिया,

(च) घरभित्र र बाहिरको वायु प्रदूषण , यसका कारण, समाधानका उपाय र प्रत्ये क व्यक्तिले गर्न सक्ने योगदान सम्बन्धी अन्तरक्रिया,

(छ) सुरक्षित खानेपानी र सरसफाइ को व्यवस्थापनमा भएका प्र यास र समाधानका उपायसम्बन्धी अन्तरक्रिया।

## परिच्छेद -३

## विद्यालय छनौट तथा सम्बन्धित विद्यालयको जिम्मेवारी

६. **छनौट हुने विद्यालयको संख्या, आधार र शर्तः** (१) यस कार्यविधि कार्यान्वयनका क्रममा देशभरका सामुदायिक विद्यालयमध्ये प्रत्येक प्रदेशबाट दश सामुदायिक विद्यालय छनौट हुने गरी जम्मा सत्तरी विद्यालय छनौट गरिनेछ।

(२) दफा ४ बमोजिमका कार्यक्रम सञ्चालन सम्बन्धी क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न इच्छुक विद्यालयले कार्यक्रम सञ्चालनका लागि दफा ५ को सीमाभित्र रही अनुसूची-१ को ढाँचामा सम्बन्धित इकाइमा प्रस्ताव सहितको निवेदन पेश गर्नुपर्नेछ।

(३) सम्बन्धित जिल्लाको इकाइले अनुसूची-२ का आधारमा आफ्नो जि ल्लाबाट एक विद्यालय छनौट गरी सोको जानकारी मन्त्रालयमा पठाउनुपर्नेछ।

(४) मन्त्रालयले उपदफा (३) बमोजिमको जानकारी प्राप्त भएपछि कार्यक्रम सञ्चालनको स्वीकृति दिनेछ।

(५) कार्यक्रम सञ्चालनका सम्बन्धमा कुनै समस्या आएमा मन्त्रायेलयले आवश्यक निर्णय गर्न सक्नेछ र त्यस्तो निर्णयको जानकारी सार्वजनिक गर्नु पर्नेछ ।

७. **छनौटको जानकारीः** (१) इकाइले कार्यक्रम सञ्चालनको लागि छनौटमा परेको विद्यालयको विवरण यथाशीघ्र मन्त्रालयमा गराउनेछ र आफ्नो वेवसाइट मार्फतसमेत सार्वजनिक गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालनको लागि छनौट भएको विद्यालयलाई समेत इकाइले छिटो साधनद्वारा जानकारी गराउनेछ।



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

८. **<u>सहयोग प्राप्त गर्ने विद्यालयको दायित्व</u>:** यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्न स्वीकृति प्राप्त गर्ने विद्यालयको दायित्व देहाय बमोजिम रहनेछः-

(क) आफ्नो विद्यालयमा SDG विद्यार्थी क्लबको गठन गर्ने,

(ख) SDG क्लब मार्फत् छनौट भएको क्रियाकलाप अनुसार कार्यक्रम सञ्चालन गर्ने,

(ग) सञ्चालित कार्यक्रमको प्रगति तथा कार्य सम्पादन प्रतिवेदन तयार गरी इकाइमा पेश गर्ने,

(घ) सञ्चालित कार्यक्रम कार्यान्वयनको क्रममा हुने अनुगमनमा सहयोग गर्ने,

(ङ) मन्त्रालयले समय समयमा दिएको निर्देशन पालना गर्ने, गराउने।

## परिच्छेद -४
## अनुदान रकम र सोको भुक्तानी

९. **<u>अनुदान रकमको सीमा</u>:** (१) मन्त्रालयले एक आर्थिक वर्षमा एक विद्यालयलाई स्वीकृत क्रियाकलापको कार्यान्वयनका लागि बढीमा पचास हजार रुपैयाँ मात्र अनुदान रकम उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको रकमबाट दफा ४ बमोजिमको कार्यक्रम सञ्चालनसँग सम्बन्धित विषयमा मात्र खर्च गर्न सकिनेछ।

१०. **<u>अनुदान रकम भुक्तानी दिने</u>:** (१) सम्बन्धित विद्यालयले कार्यक्रम सम्पन्न गरे पश्चात् आफ्नो जिल्लाको इकाइले कार्यक्रम सम्पन्न गरेको भनि सिफारिस गरेको पत्र सहितको प्रतिवेदन मन्त्रालयमा प्राप्त भए पश्चात् मन्त्रालयले यस कार्यविधि बमोजिमको अनुदान रकम सोझै सम्बन्धित विद्यालयको बैङ्क खातामा निकासा पठाउनेछ।

(२) सम्बन्धित विद्यालयले स्वीकृत कार्यक्रम २०८१ फागुन मसान्तभित्र सम्पन्न गरी सो को प्रतिवेदन अनुसूची - ३ बमोजिमको ढाँचामा खर्चको सारांश विवरण र बिल भरपाईको प्रतिलिपी सहित इकाइसमक्ष पेश गर्नुपर्नेछ।

(३) इकाइले २०८१ चैत्र मसान्तभित्र मन्त्रालयको वैज्ञानिक अनुसन्धान शाखामा आइपुग्ने गरी कार्यक्रम सम्पन्न भएको व्यहोरा खुलेको सिफारिस तथा कार्यक्रम सम्पन्न भएको प्रतिवेदन पठाउनु पर्नेछ।

(४) वैज्ञानिक अनुसन्धान शाखाले उपदफा (३) बमोजिम प्राप्त विवरणका आधारमा रकम निकासा पठाउन आर्थिक प्रशासन शाखामा पठाउनेछ।



नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

(५) उपदफा (४) बमोजिम प्राप्त विवरणका आधारमा मन्त्रालयको आर्थिक प्रशासन शाखाले सम्बन्धित विद्यालयमा निकासा पठाउनेछ।

(६) यस कार्यविधि बमोजिम प्राप्त रकमबाट भएको खर्चको सक्कल बि ल भरपाई सम्बन्धित विद्यालयमा राखी लेखा परीक्षण गराउनु पर्नेछ।

(७) अनुदान रकम भुक्तानि सम्बन्धी अन्य व्यवस्था मन्त्रालयबाट निर्धारण भए बमोजिम हुनेछ।

## परिच्छेद -५
## विविध

११. **समन्वय तथा सहयोग गर्नेः** (१) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालन गर्ने विद्यालयले इकाइ तथा सम्बन्धित स्थानीय तह र जिल्लाभित्रका अन्य विद्यालयसंग समन्वयात्मक रुपमा कार्य गर्नुपर्नेछ।

(२) मन्त्रालयले इकाइसँग सम्पर्क गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्र मार्फत वा उक्त केन्द्रको सहयोगमा सिधै गर्न सक्नेछ।

१२. **अनुगमन गर्न सक्नेः** (१) यस कार्यविधि बमोजिम अनुदान वितरण पश्चात् यसको प्रभावकारी उपयोग भए नभएको सम्वन्धमा मन्त्रालयले समय-समयमा अनुगमन गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमनको क्रममा दिइएका सुझाव पालना गर्नु सम्बन्धित विद्यालयको कर्तव्य हुनेछ ।

(३) कार्यक्रम सञ्चालनको क्रममा इकाइबाटसमेत अनुगमन हुन सक्नेछ।

(४) मन्त्रालय तथा इकाइबाट भएको अनुगमनको क्रममा दिइएका सुझावको कार्यान्वयन गर्नु सम्बन्धित विद्यालयको कर्तव्य हुनेछ।

१३. **सूचना प्रविधिको प्रयोग गर्न सकिनेः** (१) मन्त्रालय तथा इकाइले सूचना प्रविधिको प्रयोग गरी कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्न गराउन सक्नेछन्।

(२) उपदफा (१) बमोजिम सूचना प्रविधिको प्र योग गरी भएको कार्य यसै कार्यविधि बमोजिम भए गरिएको मानिनेछ।

१४. **सम्पर्क इकाइ तथा फोकल इकाइको रुपमा रहनेः** (१) मन्त्रालय अन्तर्गतको वैज्ञानिक अनुसन्धान शाखा यस कार्यक्रमको लागि सम्पर्क इकाइको रुपमा रहनेछ।

(२) सम्बन्धित जिल्लास्थित इकाइ कार्यक्रम कार्यान्वयनको लागि जिल्लागत रुपमा फोकल इकाइको रुपमा रहनेछ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

१५. **<u>गुनासोसम्बन्धी व्यवस्थाः</u>** (१) कार्यक्रम सञ्चालन, व्यवस्थापनसँग सम्बन्धित विषयमा कसैको गुनासो प्राप्त भएमा त्यस्तो विषयमा मन्त्रालयले उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उपसमिति गठन भएमा त्यस्तो उपसमिति ले प्राप्त गुनासोउपर अध्ययन गरी सचिवसमक्ष प्रतिवेदन पेस गर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनमा गुनासोमा उल्लेख भए बमोजिम भएको वा नभएको यकिनका साथ सिफारिस हुन आएमा सचिवले सिफारिसका विषयमा यथाशिघ्र निर्णय गरी सम्बन्धित व्यक्तिलाई जानकारी गराउन लगाउनेछ।

१६. **<u>बाधा अड्काउ फुकाउन सक्ने</u>** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइ परेमा मन्त्रालयले आवश्यक बाधा अड्काउ फुकाउन सक्ने छ।

(२) उपदफा (१) बमोजिमको बाधा अड्काउ फुकाउ न गरिएको निर्णय को जानकारी मन्त्रालयले सार्वजनिक गर्नु पर्नेछ।

१७. **<u>प्रचलित कानुनबमोजिम हुनेः</u>** कार्यक्रम कार्यान्वयनको लागि यस कार्यविधिमा लेखिएका विषयमा यसै बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

अनुसूची-१

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

## SDG कार्यक्रम सञ्चालन गर्ने विद्यालयले पेश गर्ने निवेदनको ढाँचा

### (क) विद्यालयसंग सम्बन्धित विवरण

| क.स. | विवरण | | | |
|---|---|---|---|---|
| १ | विद्यालयको | | | |
| | नाम: | | | |
| | स्थापना मिति तथा विकासक्रम: | | | |
| २ | प्रधानाध्यापकको विवरण | | | |
| | नाम: | | | |
| | सम्पर्क नम्बर: | | ईमेल ठेगानाः | |
| ३ | विद्यालयको पुरा ठेगाना | प्रदेशः | गाउँपालिका वा नगरपालिकाः | वडा नं. |
| ४ | विद्यालयको किसिमः | सामुदायिक/सरकारी/ संस्थागत | | |
| ५ | विद्यालयमा पढाई हुने तहः | क) आधारभूत ख) माध्यमिक | | |
| ६ | अध्ययनरत विद्यार्थी संख्याः | | | |
| ७ | प्रस्तावित कार्यक्रमको कार्यान्वयन गर्न मन्त्रालयसंग सम्पर्क गर्न तोकिएको सम्पर्क व्यक्तिको विवरण | | | |
| | नाम: | | | |
| | पद: | | | |
| | मोबाईल नम्बर: | | | |
| | ईमेल: | | | |

### (ख) प्रस्तावको ढाँचा

१. प्रस्तावित कार्यक्रमको परिचय

२. प्रस्तावित कार्यक्रम उद्देश्य

३. प्रस्तावित कार्यक्रम सम्पन्न गर्ने विधि र समय तालिका

४. कार्यक्रम सञ्चालनको लागतको ढाँचा

| क. सं. | विवरण | एकाई | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|---|
| | | | | कुल जम्मा | |

५. कुल लागतमा विद्यालयले थप रकम व्यहोर्ने भए सो रकम



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

अनुसूची-२

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

## विद्यालय छनौटका आधारहरु

देहाय बमोजिमका आधारका अधीनमा रही सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइले कार्यक्रम सञ्चालनको लागि विद्यालय छनौट गर्नेछः-

| क.स. | विवरण | अङ्क |
|---|---|---|
| १ | **विद्यालय सम्बन्धित** | |
| | • विद्यालयले विगतमा आफ्नो क्षेत्र वा समुदायमा गरेको दिगो विकास वा वातावरण संरक्षण सम्बन्धी कार्यक्रमहरु (एक कार्यक्रमको १ अंकका दरले बढीमा २ अंक) | १*२ = २ |
| | • प्रस्तावित कार्यक्रममा विद्यार्थीहरुको सहभागिताको सुनिश्चितता | २ |
| २ | **प्रस्तावना सम्बन्धित** | |
| | • प्रस्तावित कार्यक्रमको परिचय र सान्दर्भिकता | १ |
| | • प्रस्तावित कार्यक्रमको उद्देश्यहरुको स्पष्टता | १ |
| | • प्रस्तावित कार्यक्रम सम्पन्न गर्ने विधिहरुको स्पष्टता | १ |
| | • प्रस्तावित कार्यक्रमको समय तालिका तथा प्रस्तावित लागत | १ |
| | • प्रस्तावित कार्यक्रमको नविनता (Innovativeness) र सम्भावित प्रतिफलको स्पष्टता | ०.५+०.५= १ |
| | • अनुदान रकममा थप लागत साझेदारी गर्ने प्रस्तावित विद्यालय | १ |
| **कूल जम्मा अङ्क** | | १० |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

अनुसूची-३

(दफा १० को उपदफा (२) सँग सम्बन्धित)

**कार्यक्रमको प्रतिवेदनको ढाँचा**

१. भुक्तानीका लागि अनुरोध सहितको निवेदन

२. कार्यक्रम सञ्चालनको स्थिति (कार्यक्रम सञ्चालनको विस्तृत विवरण खुलाउने)

३. कार्यक्रम सञ्चालनको उद्देश्य

४. कार्यक्रम सञ्चालन भएको विधि तथा प्रक्रिया

५. सहभागिता

६. कार्यक्रम सञ्चालन भएको मिति, स्थान र समय

७. कार्यक्रम सञ्चालनबाट प्राप्त उपलब्धि

८. निष्कर्ष

९. सुझाव

१०. अन्य केहि भए उल्लेख गर्ने।

११. अनुसूचीहरुः

(क) कार्यक्रम सञ्चालनको माइन्यूटको प्रतिलिपी

(ख) सहभागीहरुको बिबरणको प्रतिलिपी

(ग) कार्यक्रम सञ्चालनको कार्यतालिका

(घ) कार्यक्रम सञ्चालन भएको समयको फोटो

(ङ) कार्यक्रम सम्पन्न भएको व्यहोरा खुलेको सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईको सिफारिस तथा कार्यक्रम समपन्न भएको प्रतिवेदनको सक्कल प्रति

(च) बिल भरपाईको प्रमाणित प्रतिलिपी (प्रधानाध्यापकबाट प्रमाणीकरण गरिएको)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल